**मिति २०८१/५/३० गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. विभिन्न कार्यविधि सम्बन्धमा ।
२. नगर शिक्षा समितिलाई पूर्णता दिने सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ को वार्षिक प्रगति सम्बन्धमा ।
४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सुझाव कार्यान्वयन पत्र सम्बन्धमा ।
५. श्रोत सुनिश्चितता सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा विधायन समितिबाट निर्णय भई कार्यालयबाट पेश भएका तपशिलका कार्यविधिको विषयमा आजको बैठकमा छलफल भयो । उक्त पेश भएका कार्यविधिहरुमा केही संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

***तपशिल***

१. शितगंगा नगरपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१
२. शितगंगा नगरपालिकाको नागरिक बजेट निर्देशिका, २०८१
३. शितगंगा नगरपालिकाको लेखा समितिको कार्य सञ्चालन निर्देशिका, २०८१
४. शितगंगा नगरपालिकाको नमुना कृषि तथा पशुपंक्षी फर्म सञ्चालन कार्यविधि, २०८१
५. शितगंगा नगरपालिकाको विपन्न नागरिक निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमं कार्यविधि, २०८१

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर शिक्षा समितिमा नगरपालिकाको शिक्षा ऐनको दफा ९ को उपदफा (२) को (झ) र (ट) बमोजिम नगरकार्यपालिकाबाट मनोनित गर्ने सदस्यमा तपशिलका व्यक्तिलाई सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।

**तपशिल**

१. आधारभूत तह महिला प्रअहरु मध्येबाट दह आ.वि.का प्रअ श्री कमला श्रेष्ठ
२. माध्यमिक तह प्रअहरु मध्येबाट सुवोधनी मा.वि.का प्रअ श्री ईश्वरी पोखेल
३. कियाशिल अपाङ्ग सम्बन्धि संघ संस्थासँग आबद्ध मध्येबाट श्री गोवर्धन थापा

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएको समग्र कार्यको प्रगति समिक्षा गरियो । भौतिक प्रगति तर्फ १०० प्रतिशत प्रगति हासिल भएको र समग्र वित्तिय प्रगति ८६ प्रतिशत भएको देखियो । निर्माण व्यवसायीबाट गरिने कार्य समेत समयमै सम्पन्न गर्ने गरी

प्रमुख प्रशासकीय अधिकृत

कार्य गराउन र वित्तिय प्रगति समेत सत प्रतिशत हासिशल हुने गरी चालु आ.व.को कार्य सम्पादन गर्न सबैले आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७४ मिति २०८१/५/२१ गतेको पत्रसाथ प्राप्त स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको विदेश भ्रमण सम्बन्धि पत्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४० मिति २०८१/४/३० को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौंको पत्रका सन्दर्भमा छलफल भयो । उक्त पत्रहरुमा उल्लेख भएबमोजिमका सुझावहरु सम्बन्धमा थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व.२०८१/०८२ का योजनाहरु कार्यान्वयनका सन्दर्भमा तपशिल बमोजिमको योजनामा श्रोत सुनिश्चितता गरी सो रकम समेतको लागत अनुमान तयार गरी इविड प्रकृया मार्फत ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

***तपशिल***

१. जलुके स्वास्थ्य चौकी भवन निर्माण शिनपा ७ रु ५ लाख

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिका विभिन्न वडामा भएका प्रकोपका घटनामा परी मृत्यु भएका, बैदेशिक रोजगारीमा गई मृत्यु भएका तर आर्थिक अवस्था निकै कमजोर भएका र कमजोर आर्थिक अवस्थाका कारण उपचार गर्न समस्या परिरहेका तपशिलका व्यक्तिहरुलाई उल्लेख भएबमोजिमको रकम आर्थिक सहायता स्वरुप प्रदान गर्ने ।

***तपशिल***

१. शिनपा १४ मा खोलाले बगाई मृत्यु भएका जुद बहादुर सोमैको परिवारलाई रु २५०००।-

२. शिनपा ६ बैदेशिक रोजगारीको कममा मृत्यू भएका लाल बहादुर भाटको परिवारलाई रु २५०००।-

३. शिनपा ११ उपचारको कममा रहेको आर्थिक समस्या भएको योग बहादुर घर्तिलाई रु १००००।-

४. शिनपा ८ उपचारमा समस्या रहेकोले उपचारको लागि जय बहादुर भुजेल रु १००००।-

(ख) वडा नं. ५, ८ र १० मा विद्युत ट्रान्फरमर ढुवानी गरी ल्याउदा खर्च भएको ढुवानी खर्च रकम भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

(ग) शिनपा ३ मा रहेको डमरु दहमा बत्ति बाल्दा खर्च भएको विद्युत महशुल र शिनपा ४ अमराईमा रहेको कृषि संकलन केन्द्रमा प्रयोग भएको विद्युत महशुल भुक्तानीको लागि पेश भएकोले उक्त रकम भुक्तानी गर्ने ।

(घ) शितगंगा नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका खोलाहरुबाट गत आ.व.मा व्यवसायी सँग भएको सम्झौता बमोजिम तोकिएको समय २०८१ जेष्ठ मसान्त भित्र खोलाबाट उत्खनन् गरी घाटी गरेको नदीजन्य पदार्थ सम्झौताको शर्त बमोजिम २०८१ आषाढ मसान्तमा सून्य गर्नु पर्ने छ भन्ने उल्लेख भएकोमा व्यवसायीबाट आषाढमा परेको अविरल वर्षाको कारण नाँपजाँच भएको डम्पीङ्ग अवस्थामा रहेको पुरै नदिजन्य पदार्थ ढुवानी गरी लैजान नसकिएकोले नाँपजाँच गरी निकासी गर्न नसकिएको बाँकी नदीजन्य पदार्थ निकासी गरी लैजान म्याद थप गरी दिन भनि २०८१ आषाढ मसान्त भित्रै निवेदन पेश भएकोले कार्यालयबाट अनुगमन गरी सो का आधारमा अनुमती दिएको मितिले बढीमा १ महिना भित्र निकासी गरी लैजान अनुमती दिने ।

*तपशिल*

१. शिनपा १४ बाणगंगा खोला जरिकुना क्षेत्रमा डम्पीङ्ग रहेको नदीजन्य पदार्थ

२. शिनपा ११ खयरभट्टी खोलाको खयभट्टी गाउँको पुच्छारमा डम्पीङ्ग रहेको नदीजन्य पदार्थ

(ङ) शितगंगा नगरपालिकामा कार्यरत विभिन्न सेवा, समूह र तहका कर्मचारीलाई कामप्रति उत्प्रेरित गरी गरी नगरपालिकाले प्रदान गर्ने सेवा, विकास निर्माण र दैनिक प्रशासनिक कार्यहरु समयमै सम्पादन गर्न गर्न आवश्यक देखिएकोले देहायका आधार र मापदण्डको आधारमा आवास सुविधा प्रदान गर्ने । साथै अन्य प्रयोजनको लागि घर भाडामा लिँदा आवश्यकता र औचित्यताको आधारमा नगरकार्यपालिकाबाट निर्णय गरेर मात्र मितव्ययिता कायम हुने गरी घर भाडामा लिने ।

क) आधारहरुः

- दैनिक रुपमा कार्यालय र घरमा आतेजाते गर्न सम्भव नहुने कर्मचारी,
- नगरपालिकाको विभिन्न सेवा, समूह र तहमा काम गर्ने स्थायी कर्मचारी,
- कार्यबोझ अधिक भई आवश्यकता अनुसार विहान बेलुका समेत खटिई काम गर्नुपर्ने जिम्मेवारीमा जिम्मेवारीमा रहेका कर्मचारी,

ख) मापदण्डहरुः

- अधिकृत छैटौं तहका (शाखा प्रमुख भई जिम्मेवारी निर्वाह गरिरहेका) कर्मचारीलाई मासिक रु. ३०००।- (नियमानुसार कर कट्टी हुनेगरी) उपलब्ध गराउने,
- सहायकस्तर पाँचौं तहका (शाखा प्रमुख भई जिम्मेवारी निर्वाह गरिरहेका) कर्मचारीलाइ मासिक रु. २५००।- (नियमानुसार कर कट्टी हुनेगरी) उपलब्ध गराउने,

प्रमुख प्रशासकीय अधिकृत

- श्रीमान श्रीमति नै सेवामा रही शाखा प्रमुखको जिम्मेवारी निर्वाह गरी सुविधा दिनुपर्ने अवस्था आइपरेमा मासिक रु. ४५००।- (नियमानुसार करकट्टी हुनेगरी) उपलब्ध गराउने, मिति २०८१।०४।०१ देखि लागू हुने,

ग) आवास सुविधा प्रदान गर्ने सन्दर्भमा सम्भव भएसम्म नगरपालिकाको स्वामित्वका प्रयोग विहीन अवस्थामा रहेका भवन वा संरचनामा कर्मचारी व्यवस्थापन गर्ने । यसरी व्यवस्थापन हुन नसकेमा माथि उल्लिखित आधार र मापदण्ड अनुसार कर्मचारीलाई आवास सुविधा उपलब्ध गराउने ।

घ) विशेष नापी प्रयोजनको लागि नगरपालिकाको उपलब्ध गराउँदै आएको घरभाडा सुविधा विशेष नापी कार्यालयको औचित्य समाप्त हुनासाथ खाली गर्ने ।

ङ) कार्यालयले स्टोर लगायत नगरउपप्रमुख आवास प्रयोजनमा खर्च गरेको घरभाडालाई मितव्ययी बनाउने ।

च) प्रमुख प्रशासकीय अधिकृत आवास प्रयोजन तथा स्टोरको लागि खर्च हुँदै आएको घरभाडालाई मितव्ययी गर्ने,

च) वडामा सञ्चालित अतिरिक्त सेवा केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र लगायतको प्रयोजनमा लिएका घरहरुलाई भाडालाई मितव्ययी बनाउने ।

छ) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डक्टर र कर्मचारीलाई कार्यालयमा आवास व्यवस्था नभएसम्मको लागि आवास प्रयोजनको लागि दिँदै आएको घरभाडा सम्बन्धमा डक्टरको (मेडिकल अधिकृत आठौंस्तर) सम्बन्धमा रु. ६०००।- (नियमानुसार करकट्टीहुने गरी) र अधिकृत छैटौं नर्सिङ कर्मचारीको सन्दर्भमा रु. ३०००।- नियमानुसार करकट्टी हुनेगरी) सुविधा प्रदान गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत